बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

२०७३

प. सं. २०७७/०७८ (नगर प्रमुख सचिवालय)

च.नं. २६८

प्रदेश नं. १, नेपाल

मितिः- २०७७/११/१४

विषयः- योजना सम्झौता तथा कार्यान्वयन सम्वन्धमा।

श्री वडा अध्यक्ष ज्यूहरु,
वडा नं १ देखि ९,
बेलका नगरपालिका, उदयपुर।

प्रस्तुत विषयमा आ.व. २०७७/०७८ का लागि छैठौं नगरसभाबाट पारित नीति कार्यक्रम तथा बजेट बमोजिम प्राप्त अखितयारीबाट व्यहोरा अवगत गर्नु भएकै छ। सो सम्वन्धमा कोविड १९ को महामारीका कारण संघीय तथा प्रदेश सरकारबाट प्राप्त भएको राजश्व बाँडफाँटको सिलिङ्ग बमोजिमको सम्पूर्ण बजेट रकम निकासा हुने सम्भावना कम रहेको तथा नगरपालिकाको आन्तरिक आय लक्ष्य वमोजिम उठाउन कठिनाइ हुन सक्ने सम्भावना समेत यहाँहरुलाई विदितै छ। यस विषयमा नगर कार्यपालिकाको वैठकमा समेत पटक पटक छलफल भएकै छ। यसर्थ यस आ.व. मा सन्चालन हुने आयोजनाहरुको सम्वन्धमा निम्नानुसार गर्नुहुन अनुरोध छ।

१. हालसम्म सम्झौता भइसकेका योजना कार्यक्रमहरु, सानातिना विकास कार्यक्रम तथा मर्मत सम्भार कृयाकलाप समेत पहिलो चरणमा कुल जम्मा रु. ४०००००.०० (चालीस लाख रुपैयाँ मात्र) मा नबढ्ने गरी योजना सम्झौता तथा कार्यान्वयन प्रकृया अगाडी बढाउने।
२. तोकिएको चालिस लाखको सीमामा रही कार्यान्वयन गर्न छनौट भएका योजना तथा कार्यक्रमहरु २०७७/११/३० सम्म सम्झौता गरिसक्ने व्यवस्था मिलाउने ।
३. बजेट निकासा तथा आन्तरिक श्रोत संकलनको अवस्था मूल्याङ्कन गरी बाँकी कार्यक्रमहरुलाई दोस्रो चरण (तेस्रो चौमासिक) मा मात्र अगाडी बढाउने ।

दुर्गाकुमार थापा
नगर प्रमुख